# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं माघ ११ गते २०११ साल

## भाग ४

### खाद्यमन्त्रालयको विज्ञप्ति

व. चा. वि. २।५६। ०११ १-१०-०११

सरकारतर्फबाट पैले पौष ५ गतेदेखि मोहरु १ को ३॥ मानाको दरले काठमाठौं हनुमान ढोका र ठहिटी औ ल. पु. मङ्गल—बजारमा समेत जम्मा ३ ठाउँमा चामल बिक्री वितरण गरिआएको पछि ऐ १६ गतेदेखि मोहरु २।को सवा सातमानाको दरले विक्री वितरण गराई आएको र के भरी सरकारको भएको साधनबाट धेरै मात्रा चामल ल्याई योभन्दा पनि सस्तो गरी विक्री वितरण गराउन सकिन्छ भन्ने सरकारको मनसायअनुसार बन्दोबस्त हुँदै रहेको सोबमोजिम सस्तो गर्दै विक्री गर्दै पनि आएको २०११। १०। ४ गतेदेखि फेरि १ चौथाई बढाई मोहरु २। को ७॥ साढे सातमानाको दरले हाल बाँडी आएको उक्त ३ ठाउँमा विक्री बितरण गरिआएको सबैमा बिदितै होला।



225

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मोटर लहरीद्वारा डुवाई टोल टोलमा बिक्री बितरण गराउने काम पनि हुँदै रहेकोले यो हप्ता शुक्रवारका दिन निम्नलिखित ठाउँहरुमा मोटर लहरीद्वारा घुमाई लगी बिक्री बितरण गरिनेछ।

जाउलाखेल कानेदेवता स्थान कालिमाटी जैसीदेवल

महाराजगञ्ज कमलपोखरी बानेश्वर चावहिल ठमेल।

अतः यो विज्ञप्तिद्वारा जनतालाई अपील गर्दै र चेतावनी दिंदै यो पनि सूचित गरिन्छ कि सबैले आफ्नु दैनिक खर्चको लागी मात्र चामल खरीद गर्ने गर्नु होला। कसैले पनि यसलाई अनुचित उपयोग गर्ने वा सस्तो मोलमा किनी महँगी भाउमा बिक्री गर्ने गरी लिएको वा बिक्री गरिएको ठहरे कालो बजार ऐन लागू भै कडा सजाय सहनुपर्ने र कसै कसैले सो बमोजिम बिक्री भएको सरकारतर्फबाट पत्ता लगाई पकाउ गरी कारवाई हुँदै पनि आएको हुँदा त्यस्तो अनुचितफाइदा उडाउनेउपर कडा कारवाई गर्न सरकार बाध्य हुनुपर्नेछ।

आज्ञाले—
देवीप्रसाद गिरी,
का. मु. सेक्रेटरी—खाद्यमन्त्रालय.

## खाद्यमन्त्रालयको सूचना

बढी आयस्ता हुनेहरुको लगत लिनेबारे १५ दिने म्याद थपेको विज्ञप्ति

खा. यो।५६।४।०११ ६—१०—०११

वस्तुनियन्त्रण अल्पकालीन अधिकार ऐन २०११ बाट पाएको अधिकार प्रयोग गरी ४ भन्ज्यांगभित्राकाहरुले आफ्नु आयस्ताबाट फी जवान के सैन्डा १ को।१५पाथिका दरले आफ्नु जवान हेरी वर्ष १लाई चाहिने अन्न दालसमेत पर सारी बढी हुनेहरुले आफ्नु कुत आउने खाद्यान्नको लगत, त्यसमा आएको, खर्च भएको, बिक्री बाँकी समेत देखिने गरी १५ दिनभित्र खा. बि मा. दरखास्त गर्नू भन्ने

२२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०११।८।२८ गतेको गजेट, रेडियो, गोरखापत्र, पत्रपत्रिकासमेतमा प्रकाशित र ठाउँ ठाउमा टाँस पनि गरिएको, बसोमोजिम कसै कसैले दरखास्त गर्न आएको, तर धेरै जसले उक्त बिज्ञप्ति प्रकाशित भएको थाहा नभै वा कैलेहो दरखास्त दिन नआएका बुझिएकोले अब १पटक फेरि १५ दिनें म्याद दी गजेट प्रकाशित गरी सो म्याद् भित्र पनि दरखास्त दिन नआउनेहरु पत्ता लगाई खानतलासीको काम सुरु गर्ने गराउने आदेशानुसार यो बिज्ञप्ति प्रकाशित गरिएको छ। उक्त बिषय सो ०११।८।२८ गतेमा प्रकाशित गजेटबमोजिम सो म्यादभित्र पनि दरखास्त गर्न नआईबलखिए बमोजिम पत्ता लगाई आएमा उक्त ऐनबमोजिम सजाय गर्न सरकार वाध्य हुनुपर्नेछ।

आज्ञाले—

देवीप्रसाद गिरी,

का.मु. सेक्रेटरी—खाद्यमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।